**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन्,
- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epratekdaily.com



❖ वर्ष ३७ ❖ २०८१ वैशाख १४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३४


## वीरगंज महानगरका चापाकलहरू सुक्दै

# पिउने पानीको समस्या गत वर्षभन्दा बढ्ने

प्रस, वीरगंज, १३ वैशाख/

वीरगंज महानगरपालिकाका विभिन्न वडाहरूमा पिउने पानीको समस्या विकराल बन्दै गएको छ । वीरगंज महानगरका खानेपानी महाशाखा प्रमुख इन्जिनीयर राकेशकुमार साहले आगामी दिनमा पिउने पानीको समस्या झनै विकराल हुने बताए ।

उनले गत वर्ष चापाकलहरू सुकेर समस्याग्रस्त वडाहरूमा यसपटक झनै पिउने पानीको समस्या हुन सक्ने बताएका छन् । भूमिगत पानीको सतह घटिरहेको र तत्काल पानी पर्ने सम्भावना पनि नरहेकोले पानीको सतह घटेर चापाकलहरू सुक्ने र पिउने पानीको समस्या विकराल बन्न सक्ने बताएका छन् ।

सामान्यतया पानीको सतह २७–२८ फिट हुनुपर्नेमा अहिले ३० फिटसम्म पुगेको र अझ बढ्न सक्ने उनले बताए । पिउने पानीको समस्या समाधानको लागि महानगरपालिकाले अहिले विभिन्न वडाहरूमा डीप बोरिङ जडान गर्दैछ । इन्जिनीयर साहले समस्याग्रस्त वडाहरूमा डीप बोरिङ जडान भइरहेको र व्यक्तिगतरूपमा डीप बोरिङ जडानको लागि स्वीकृति प्रदान गरिएको जानकारी गराए । उनले डीप बोरिङ जडान गर्दा व्यक्तिविशेषले समस्याग्रस्त छिमेकीहरूलाई पनि पानी उपलब्ध गराउने शर्तमा डीप बोरिङ जडानको इजाजत दिएको बताए ।

चापाकल सुकेर पिउने पानीको समस्या भएका क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर डीप बोरिङ जडान भइरहेको बताए । अहिले जडान भइरहेका डीप बोरिङको गहिराइ अधिकतम ३५० फिटसम्म रहेको र सोभन्दा बढी जडान गर्न नपाउने उनले बताए ।

गत वर्षदेखि वीरगंज महानगरका विभिन्न वडामा चापाकल सुकेर पिउने पानीको समस्या भएपछि महानगरले केही वडाहरूमा डीप बोरिङ जडान गरेको थियो । डीप बोरिङ जडान गर्दा पानीको सतह झनै घट्ने भन्ने कुरा आएपछि महानगरले व्यक्तिविशेषलाई डीप बोरिङ जडानमा रोक पनि लगाएको थियो । महानगरको स्वीकृतिबेगर व्यक्तिविशेषले डीप बोरिङ जडान गर्न नपाउने नियम लगाए पनि पछि सो नियम हटाइएको थियो । अहिले महानगर र व्यक्तिविशेषले चापाकल सुकेसँगै डीप बोरिङ जडानलाई तीव्रता दिएका छन् ।




वीरगंज–३ छपकैया अजगैबीनाथ मन्दिर क्षेत्रमा महानगरले डीप बोरिङ जडानको लागि कङ्क्रिट सडक एक्साभेटरबाट खन्दै । तस्वीर: प्रतीक

## उपभोक्ता हित मञ्चद्वारा प्रजिअको ध्यानाकर्षण

प्रस, वीरगंज, १३ वैशाख/

उपभोक्ता हित संरक्षण मञ्च नेपाल, पर्साले बिहीवार दुईवटा विषयमा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको ध्यानाकर्षण गराएको छ ।

मञ्चका पर्सा अध्यक्ष सुनीलकुमार श्रेष्ठले प्रमुख जिल्ला अधिकारी भुसाललाई वीरगंजमा जथाभावी खुलारूपमा बिक्री भइरहेको माछामासु सम्बन्धमा अदालतले गरेको फैसला चार वर्ष पुगिसक्दा पनि कार्यान्वयनमा नआएको भन्दै ध्यानाकर्षण गराएका थिए । उनले आम उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड हुनेगरी वीरगंज महानगरका विभिन्न स्थानमा बाटोछेउ खुला नालामाथि खुलारूपमा माछामासु बिक्री भइरहेको र यस सम्बन्धमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले २०७६/६/१० मा अन्तरिम आदेश गरेको र २०७६/१२/३ मा वीरगंज महानगरपालिकाविरुद्ध फैसला गर्दै जथाभावी माछामासु बिक्री वितरणमा रोक लगाउन, अनुगमन गर्न, वधशाला निर्माण गर्न, माछामासुको मूल्य निर्धारण गर्न भनी गरेको फैसला चार वर्षसम्म कार्यान्वयन नभएको भन्दै यसमा पहल गर्न अनुरोध गरेका थिए ।



तस्वीर: सौजन्य

यसैगरी, गर्मीयाममा अहिले चापाकल सुकेर पिउने पानीको समस्या भएको र यस्तो अवस्थामा वीरगंजमा रहेका पानी उद्योगहरूले पिउने पानीको अभावको


(बाँकी अन्तिम पातामा)


## उलफेन्ट तालीम समापन



तस्वीर: प्रतीक

प्रस, वीरगंज, १३ वैशाख/

सूर्य नेपालको आर्थिक सहयोगमा चेली कृषि सहकारी संस्था, वीरगंजको आयोजनामा जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं १, २, ३ का विपन्न गरीब महिलाहरूलाई एक महीने उलफेन्ट सामग्री बनाउने तालीम बिहीवार सम्पन्न भएको छ ।

२०८० चैत १५ गतेदेखि तीनवटा वडाका ११० जना गरीब, विपन्न महिलालाई सीपमूलक तालीम दिइएको सूर्य नेपाल प्रालि, सिमराका सुरक्षा प्रमुख यज्ञबहादुर आलेले बताए । समापन कार्यक्रमका प्रमुख अतिथि घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजका सुदर्शन आचार्यले सूर्य नेपाललगायत संस्थाले स्थानीयहरूलाई लक्षित गरेर सीपमूलक तालीम आयोजना गरेकामा प्रशंसा गरे । उनले घरेलु कार्यालयले आयोजना गर्नुपर्ने यस्ता तालीमहरू विभिन्न सङ्घसंस्थाहरूले आयोजना गरेकामा खुशी व्यक्त गर्दै यसले महिलाहरूलाई स्वरोजगार बनाउने कार्यमा सघाउ पुग्ने बताए ।

कार्यक्रमका अध्यक्ष सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले सूर्य नेपालले स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आइरहेको बताए । उनले विशेषत: स्थानीय नागरिक र त्यसमा पनि आयआर्जन नभएका विपन्न गरीबहरूलाई लक्षित गरेर सीप सिकाउने र रोजगारको अवसर प्रदान गर्दै आएको बताए । सीप सिकेको खण्डमा आयआर्जन गर्ने कार्यमा उनीहरूको संलग्नता बढ्न सक्ने देखिएर सूर्य नेपालले विभिन्न समयमा सीपमूलक तालीम आयोजना गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा सूर्य नेपालका उमेश थापा, सचिन श्रेष्ठ, दिनेश पौड्याल, रामपुकार पासवान, रोशन अधिकारी, चेली कृषि सहकारीकी कमला घिमिरेलगायतको सहभागिता थियो । एक महीने तालीममा सहभागीहरूलाई सविता राई, शान्ति गैरे, नीलम यादव र पूजा चौधरीले उलफेन्टका विभिन्न सामग्री बनाउने तालीम दिएका थिए । सूर्य नेपालका सुरक्षा प्रमुख आलेले सीप लिएका महिलाहरूले सिमरामा बेकरी सञ्चालन गरेका र उलफेन्टका सामग्रीहरू बनाएर देश–विदेशमा बिक्री गर्दै आएको बताए ।

## दुर्घटनामा एकजना युवकको मृत्यु, तीनजना घाइते

प्रस, वीरगंज, १३ वैशाख/

सवारी दुर्घटनामा बिहीवार बिहान एकजना युवकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ । पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले वीरगंज महानगरपालिका–२५ मौजे श्रीसिया सडकखण्डमा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा एकजना युवकको घटनास्थलमा मृत्यु भएको र तीनजनाको उपचार भइरहेको बताए ।

उनले ना.१८प ९८१६ र ना.३१प ३८३५ नम्बरका मोटरसाइकल आज बिहान पौने ११ बजे एकापसमा ठोक्किएर दुर्घटना भएको र दुईटै मोटरसाइकलमा सवार चारजना घाइते भएको बताए । उनले घाइतेमध्ये सोही ठाउँ निवासी २५ वर्षीय अर्जुन पटेलको उपचारको क्रममा मृत्यु भएको चिकित्सकले घोषणा गरेको बताए ।

घटनामा सोही ठाउँ निवासी २० वर्षीय आकाश पटेलको टाउकोमा चोट लागेको, १५ वर्षीय सामा पटेलको खुट्टा र टाउकोमा चोट लागेको र अर्का १५ वर्षीय कन्हैया चतुर्वेदीको छातीमा चोट लागेको थियो । तीनैजनालाई नेशनल मेडिकल कलेजमा उपचारको लागि भर्ना गरिएको प्रनाउ थापाले बताए ।

उनले तीनजनाको अवस्था मध्यम रहेको चिकित्सकलाई उद्धृत गर्दै बताए ।

## दुई देशको नागरिकतासहित गुलाम पक्राउ



तस्वीर: सौजन्य

प्रस, सिम्रौनगढ, १३ वैशाख/

दुई देशको नागरिकता लिएको आरोपमा एकजना नेपालीलाई भारतीय प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा अब्दुल जब्बार शाह का ४० वर्षीय छोरा गुलाम गौस रहेको हरैया प्रहरीका प्रभारी अनुजकुमार सिंहले बताए ।

गुलामसँग नेपालको सर्लाही जिल्ला मलङ्गवा नगरपालिका–३ बाट बनाइएको नेपाली नागरिकता, नेपाली राहदानीको प्रतिलिपि भेटिएको थियो भने भारतको सीतामढी सिरौली–८ को आधारकार्ड, प्यानकार्ड, लाइसेन्स, भारतीय राहदानीलगायत भेटिएको प्रभारी सिंहले बताए ।

## आर्केस्ट्राबाट चारजना नाबालिकाको उद्धार

प्रस, वीरगंज, १३ वैशाख/

मानव बेचबिखनविरोधी बेतिया मुख्यालयको रक्सौलस्थित एकाइ कार्यालयले चारजना नाबालिकालाई उद्धार गर्नुका साथै तीनजना आर्केस्ट्रा सञ्चालकलाई पक्राउ गरेको छ ।

एसएसबी बेतिया कार्यालय ४७औं कोर सशस्त्र सीमा बल रक्सौल, सिकटा प्रहरी चौकी, बैरिया पुलिस थाना, साइबर स्टेशन प्रहरी बेतिया, मिशन मुक्ति फाउन्डेशन दिल्लीलगायतको सहकार्यमा आर्केस्टाविरुद्ध गरिएको छापामारीमा चारजना नाबालिकाको उद्धार गरिएको र तीनजना आर्केस्ट्रा सञ्चालकलाई पक्राउ गरिएको इन्स्पेक्टर मनोज शर्माले बताए ।



तस्वीर: सौजन्य

आर्केस्ट्रामा नाबालिक केटीहरूको प्रयोग भइरहेको सूचनाको आधारमा सिकटाको शिकार गाउँमा रहेको पिङ्की आर्केस्ट्राबाट दुईजना र मलाहीचोकनजीक सञ्चालित वर्षा आर्केस्ट्राबाट दुईजना नाबालिका गरी चारजनाको उद्धार गरिएको र तीनजना आर्केस्ट्रा सञ्चालकलाई नियन्त्रणमा लिएको इन्स्पेक्टर शर्माले बताए ।

## छोटकरी

### करेन्ट लागेर युवकको मृत्यु

प्रस, सिम्रौनगढ, १३ वैशाख/

बारा, सिम्रौनगढ नगरपालिका–१० टेटामा एकजना युवकको करेन्ट लागेर मृत्यु भएको छ । महेन्द्रराय यादवका २० वर्षीय छोरा काशीकुमार यादवको करेन्ट लागेर मृत्यु भएको हो ।

खेतमा सिंचाइ गर्न मोटरमा तार जोड्ने क्रममा उनी करेन्ट लागेर घाइते भएका र उपचारको लागि कलैया लैजाने क्रममा बाटोमा मृत्यु भएको वडाध्यक्ष राजकुमार यादवले बताए ।

## विचारसार र सूक्तिहरू

**उद्यम नै सफलताको साँचो हो, उद्यम नगरी थालमा भएको अन्न पनि मुखबाट भित्र जाँदैन ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# विपद्को पूर्वतयारी

**विपद् जनाउ दिएर आउँदैन। तर केही विपद्का घटनाहरू बर्सेनि हुने गरेका छन् । जस्तै बाढी, पहिरो, हावाहुरी, आगलागी, गर्मी, जाडोलगायतका विपद्हरू बर्सेनि हुने गर्छन्। भूकम्प, चक्रवात आदि विपद्का घटनाहरू भने हाम्रो देशमा बेलाबखत आउने गर्छ । बर्सेनि हुने विपद्का घटनाबारेमा गृह प्रशासन अन्तर्गतका देशभरिका जिल्ला प्रशासन कार्यालयहरूमा गठित विपद् व्यवस्थापन समितिले पूर्वतयारी गरेका हुन्छन् । विपद् व्यवस्थापनका पूर्वतयारी गरिए पनि बजेट अभाव बर्सेनि हुन्छ । जिल्लामा हुने विपद्का घटनाहरूबाट ठूलो धनजनको क्षति हुन्छ तर समितिले सोअनुरूपको सहयोग पुर्‍याउन सकिरहेको छैन । विपद् व्यवस्थापनमा अन्तर्राष्ट्रिय संस्था रेडक्रसको प्रमुख सहभागिता रहँदै आएको छ। तत्काल राहत वितरणमा रेडक्रसले प्रभावकारी भूमिका निर्वाह गरेको कुरालाई नकार्न मिल्दैन । यो अलग कुरा हो कि अहिले सामाजिक संस्थामा विश्वमैं ख्यातिप्राप्त रेडक्रस नेपालमा विवादित बनेको छ। राजनीतिले देशका सबै क्षेत्रलाई प्रभावित पार्दै आएकोले यो क्षेत्र पनि सोही राजनीतिको शिकार भएर अहिले अन्तर्राष्ट्रिय मान्यताबाट वञ्चित हुन पुगेको छ । तर पनि विपद्मा यसको भूमिका अझै पनि पहिले जस्तै सक्रिय छ। बाढी, पहिरो, हावाहुरी, आगलागी, गर्मी, जाडोमा हुने विपद्मा रेडक्रसबाटै पहिलो राहत दिने काम हुँदै आएको छ।**

**स्थानीय प्रशासन तहबाट हुने विपद्सम्बन्धी तयारी अहिलेसम्म प्रभावकारी हुनै सकेको छैन । देश सङ्घीय गणतन्त्रमा गएको पनि अहिले आठ वर्ष हुन लाग्यो। प्रदेश र स्थानीय तह स्थापनाको पनि सात वर्ष पूरा हुने क्रममा छ। यो अवधिमा प्रदेशस्तरमा विपद् व्यवस्थापन समिति छ नै साथै स्थानीय तहमा पनि यसको व्यवस्था गरिएको छ । अहिले पालिकास्तरमा हुने विपद्का घटनामा सम्बन्धित पालिकाहरू सक्रिय हुनुपर्ने हो । तर पालिकाहरूमा अहिले देखिएको बेथितिले सामाजिक उत्तरदायित्वका यी र यस्ता पाटाहरूलाई छुन सकेको छैन। जनप्रतिनिधिहरू आफूले पाउने सेवासुविधा र कमिशनको कुरामा लुँछाचुँडी गर्दैमा बेफुर्सदमा छन्। आफ्नै वडामा निर्माण हुने सडक, नालाहरू के कसरी निर्माण भइरहेका छन् भन्ने विषयमा उनीहरू निष्क्रिय हुर्न्छन्। गलतको विरोधमा उत्रँदा आफ्नै कमिशनको पोल खुल्ने डर जनप्रतिनिधिहरूलाई छ। बाढी, पहिरो, हावाहुरी, आगलागी, गर्मी, जाडोमा हुने विपद्मा पालिकास्तरमा कसरी प्रस्तुत हुने कुनै पनि पालिकाले तयारी गरेको पाइन्न । सिङ्गो प्रदेशको एकमात्र महानगरपालिका यस विषयमा पछाडि छ। विपद्का अन्य घटनाहरू छाडौं गत वर्षदेखि शुरू भएको पिउने पानी अभावको मात्र चर्चा गर्ने हो भने महानगरपालिकाको कुनै तयारी देखिन्न ।**

**गत वर्ष महानगरका चापाकलहरू सुकेर पिउने पानीको हाहाकार भएको थियो । तत्काल आइपरेको यो समस्यालाई गत वर्ष महानगरले उचित व्यवस्थापन गर्न सकेन। यो कुरा पाच्य हुन सक्ला। किनभने आकस्मिक आइपरेको समस्यालाई तत्काल समाधान गर्न कठिन हुन्छ । उत्तिखेर देखाएको तदारूकता यसबीचमा देखाउन सकेन। यसबीचमा समस्याग्रस्त वडा, टोलहरूमा खानेपानीको पाइपलाइन, डीप बोरिङ आदिको व्यवस्था गरेको भए अहिले फेरि गत वर्षझैं हतारहतारमा काम गर्नुपर्ने थिएन। हिन्दीमा एउटा उखान छ, "रात गई, बात गई" महानगरपालिकाले पनि यही उखानलाई चरितार्थ गर्दैछ ।**

# सहज छैन वाम एकता

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

नेपालका वामपन्थी दलहरूबीच एकताको विषयले फेरि पनि चर्चा पाएको छ । यहाँका वामपन्थी दलहरू फुट्ने, जुट्ने र फेरि फुट्ने क्रम दोहोरिँदै आएको छ । २०७४ सालको आमनिर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर बनेको वाम गठबन्धनको साझा घोषणापत्रमाथि विश्वास गरी जनताले तिनलाई करीब-करीब दुई तिहाइ जनादेश पनि प्रदान गरेको थियो। वामपन्थी एकताको उत्साह यतिमाथिसम्म पुगेको थियो कि दुवै दल मिलेर नेकपाको पनि गठबन्धन भयो तर यो एकीकरण पनि टिकाउ भएन र दुई दलबीच एकीकरण भई बनेको नेकपा विभाजन हुँदा तीन दलमा विभाजित हुन पुग्यो । उत्तरी छिमेकीको सक्रिय सुझावका बावजूद पार्टी विभाजनलाई रोक्न सकिएन । एकपटक फेरि पनि पार्टी एकीकरणको विषय चर्चामा छ तर नेकपा (एकीकृत समाजवादी) नेकपा (एमाले)सित मिलेर जाने पक्षमा मात्रै देखिंदैन कि नेकपा (एमाले) पनि समाजवादी मोर्चासितको सहकार्य अथवा मोर्चा र एकीकरणलाई औचित्यहीन ठानिरहेको छ ।

नेपालका वामपन्थी दलहरू आफ्ना साथीहरूको गुणगान गर्न कञ्जुस्याइँ गर्दैनन् र गाली नै गर्नुपरे राष्ट्रविरोधी गद्दार र भ्रष्टाचारीसम्मको आरोप लगाउनमा पनि कञ्जुस्याइँ गर्दैनन् । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेताहरूमध्येका एक पुष्पलाल श्रेष्ठले शुरूमा नेपाली काङ्ग्रेसबाटै आफ्नो राजनीतिको थालनी गरेका थिए। उनी बाँचुन्जेल यस मान्यताका पक्षमा थिए कि नेपालमा निरङ्कुश राजतन्त्रविरुद्धको लडाइँ तथा लोकतन्त्र स्थापनाका लागि नेपाली काङ्ग्रेससित हातेमालो गरी जानुको विकल्प छैन तर त्यति बेला उनलाई गद्दारको संज्ञा दिइयो। २०३६ सालको जनमत सङ्ग्रहमा नेपालका अधिकांश वामपन्थी बहुदलीय व्यवस्थाको विपक्षमा हुनुको कारण पनि त्यही नै थियो। जबकि विसं २०४६ मा देशमा प्रजातन्त्रको पुनर्बहालीका लागि भएको आन्दोलनमा देशका वामपन्थीहरूले नेपाली काङ्ग्रेससित मिलेर सक्रिय सहभागिता देखाएकै कारण देशमा प्रजातन्त्र पुनर्स्थापना भएको थियो । २०४७ सालमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच पार्टी एकीकरण भएपछि बनेको नेकपा (एमाले) अहिले पनि अस्तित्वमा छ । नेकपा (एकीकृत समाजवादी)को चरित्र पनि त्यही हो ।

कार्ल मार्क्सले 'दी कम्युनिस्ट मेनुफेस्टो' लेखेर अगाडि ल्याएको कम्युनिस्ट विचारले संसारका पिछडिएका किसान, मजदूरलगायत हेपिएका वर्गलाई समेट्नुपर्ने र सामन्ती साहुमहाजनको विरोधमा उत्रिनुपर्ने सन्देश दिन्छ। पछि परेका वर्गहरूको एकता दरिलो बन्ने विश्वास उनले गरेका थिए । नेपालका वामपन्थीहरूको मातृ सिद्धान्त यही नै हो।

कार्ल मार्क्सले 'विश्वका मजदूरहरू एक होऊ' भनेका थिए तर नेपालमा उनकै घोषणापत्र अनुसार स्थापना भएका एक दर्जनभन्दा बढी कम्युनिस्ट पार्टी पञ्चायतकालमा त पार्टी अध्यक्षकै नामबाट समेत सञ्चालित थिए । पञ्चायती शासनमा लोकतन्त्रवादी नेपाली काङ्ग्रेसबाहेक सरकारविरोधी केही कम्युनिस्टमाथि सरकारको वक्रदृष्टि त थियो तर अधिकांश कम्युनिस्ट त २०४६ को राष्ट्रिय जनआन्दोलनमा पनि निरपेक्ष भएर बसेका थिए । त्यसपछि पनि ती पार्टी कोही विघटनको अवस्थामा पुगे, कोही अर्को पार्टीसँग एकता गरेर अगाडि बढे भने कोही नाममा मात्र सीमित बनेका छन्। अहिले पनि कतिपय यस्ता वामपन्थी दलहरू छन्, जो समयसमयमा पार्टी एकता र मोर्चामा सामेल भएपछि चर्चामा आउने गर्छन् र केही चुनावताका मोर्चामा समाहित भएपछि चर्चामा आउँछन् ।

आफ्नो स्वार्थसिद्ध नहुने अवस्थामा कम्युनिस्ट आन्दोलनलाई धोका दिएको भनेर अर्को पार्टीका नेताहरूको घोर आलोचना गर्दै गद्दार भन्ने आलोचनात्मक उपाधि भिराउनमा पनि नेपालका कम्युनिस्टहरूले ख्याति प्राप्त गरेका छन्। पुष्पलाल श्रेष्ठ, केशरजङ्ग रायमाझीदेखि मोहन विक्रम सिंह सबैले यस्तो उपाधि पाइसकेका छन् । केही वर्षअघि नेकपा (एमाले)बाट विभाजित भएर नेकपा (एकीकृत समाजवादी) अस्तित्वमा आउँदा पनि एमालेका नेताहरूले समाजवादीका नेताहरूलाई गद्दार नै भनेका थिए, अहिले पनि भनिरहेका छन्। कथंकदाचित् पार्टी एकीकरण भयो तिनै गद्दार नेताको नेतृत्वमा काम गर्न आफूलाई सौभाग्यशाली ठान्नेछन् र नेताको यशोगान गर्नेछन् । समयको प्रवाहसँगै अहिले खड्गप्रसाद शर्मा ओली, झलनाथ खनाल, माधवकुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्ड अहिले नेपालका सबैभन्दा ठूला वामपन्थी नेता बन्न पुगेका छन् । स्वार्थको मूलप्रवाहबाट बाहिर भएका कारण मोहन वैद्य किरण, नेत्रविक्रम चन्दलगायतका नेताहरू अहिले यस्तो सूचीमा छैनन् ।

केही वर्षअघि चिनियाँ राष्ट्रपति सी जिनपिङ नेपाल भ्रमणमा आएका बखत जो सम्पत्ति कमाउनतिर लाग्छ, उसलाई कम्युनिस्ट पार्टीको नेता मान्न मिल्दैन भनेका थिए तर नेपालमा नेताहरू न त मार्क्सको विचार अनुसार चलिरहेका छन्, न त नेपालकै विष्णु मानन्धरहरूको विचार अनुसार हिंडिरहेका छन् ।

नेपालका कम्युनिस्ट नेताहरू त अर्बौंको सम्पत्ति जोडेर, सुखसुविधा, ऐश आरामको जीवन बिताइरहेका छन् तर आफूलाई सर्वहारा वर्गको प्रतिनिधि भन्छन् । कम्युनिस्टहरू सुन तस्करी, मानव ठगी र तस्करीलगायत एकपछि अर्को भ्रष्टाचारजन्य घटनामा संलग्न पाइएका छन् र आफूलाई गरीबकै नेता भनिरहेका छन्। निजी अस्पताल, निजी बैंक, निजी विद्यालयमा लगानी गरेका छन्, प्रोपर्टी डिलरको कामसमेत गरिरहेका छन् । ठूलठूला मलहरूमा लगानी छ र पनि आफूलाई गरीब मजदूरकै नेता भएको दाबी गरिहेका छन्। नेपाली जनताले पनि पत्याएकै छ। जुन दिन राजधानीका प्रमुख सञ्चारमाध्यमहरूले तिनका निजी जीवनशैलीबारे समाचारहरू सार्वजनिक गर्नेछन्, तिनै दिनदेखि तिनको पतनको थालनी हुनेछ ।

**कम्युनिस्टहरू सुन तस्करी, मानव ठगी र तस्करीलगायत एकपछि अर्को भ्रष्टाचारजन्य घटनामा संलग्न पाइएका छन् र आफूलाई गरीबकै नेता भनिरहेका छन् । निजी अस्पताल, निजी बैंक, निजी विद्यालयमा लगानी गरेका छन्, प्रोपर्टी डिलरको कामसमेत गरिरहेका छन् ।**

नेपालमा वामपन्थी दल स्थापनाको ७५ वर्ष पूरा हुन लागेको छ। यस वर्षको भदौमा यसले सम्भवतः आफ्नो हिरक जयन्ती मनाउनेछ। २००६ सालको भदौमा बनारसमा यसको स्थापना भएको थियो। सम्भवतः यसै अवसरमा वाम एकीकरणको विषयले चर्चा पाएको छ। तर यस एकीकरणबाट नेपाली जनतालाई के फाइदा पुग्ने हो? यसबाट राष्ट्रलाई के उपलब्धि हुने हो ? वामपन्थी पार्टीबाट छजना प्रधानमन्त्री भएपनि नेपाली जनता र नेपालको हितमा कुनै ठोस उपलब्धिमूलक काम भएको पाइएन । कुनै मित्रराष्ट्रको दबाबमा अथवा कुनै राष्ट्रलाई खुशी पार्नका लागि मात्रै एकीकरणको प्रयास भइरहेको छ भने यसले पनि स्थायित्व नपाउने निश्चित जस्तै छ ।

अहिले पनि देशमा एक किसिमले वामपन्थी सरकार नै अस्तित्वमा रहेको छ । तर वर्तमान सरकारका क्रियाकलापहरूबाट जनताले राहत पाउन सकिरहेको अवस्था छैन । नवोदित दल राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष र वर्तमान सरकारका गृहमन्त्रीको नाम सहकारी संस्थाबाट पैसा लिएको विषयलाई प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेसले प्रभावकारीरूपमा उठाएर सरकारलाई अप्ठ्यारो अवस्थामा ल्याइदिएको छ । सरकारको सहयोगी दल नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले पनि यो गठबन्धन सरकार धेरै लामो नजाने सङ्केत दिइसकेका छन्। नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका नेताहरूबीच पनि घनीभूत राजनीतिक छलफल जारी छ। जसको उद्देश्य अवश्य पनि सरकारको नेतृत्व परिवर्तन हुनुपर्छ। तसर्थ वामपन्थी एकता सुन्नमा राम्रो लागे पनि सम्भव छैन ।


# हात्तीपाइलेविरुद्ध साझा अभियान

महोत्तरी, १३ वैशाख/रासस

मानिसलाई अशक्त, अपाङ्ग र कुरूप बनाउने घातक रोग हात्तीपाइले (फाइलेरिया)विरुद्ध महोत्तरीमा सङ्गठित र साझा अभियान थालिएको छ। वैशाख १६ गते आइतवारदेखि हात्तीपाइले रोग निवारणका लागि शुरू गरिने १० दिने 'आम औषधिसेवन अभियान'मा कोही नछुटून् भन्ने अभिप्रायले यसलाई सङ्गठित र साझा अभियान बनाइएको स्वास्थ्य कार्यालय, महोत्तरीले जनाएको छ। यस अभियानमा स्वास्थ्य सेवा प्रदायक सबै संस्था, स्थानीय प्रशासन, स्थानीय तह र सामाजिक सङघसंस्थाबीच समन्वय गरी साझा संयन्त्र बनाएर अभियान सफल बनाइने स्वास्थ्य कार्यालय, महोत्तरीका प्रमुख स्वास्थ्य प्रशासक सुनीता गुप्ताको भनाइ छ ।

अभियानको सफलताका लागि जिल्लाका १५ वटै स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी र स्वयंसेवकलाई बस्तीबस्तीका घरघर पुगेर औषधि खुवाउने तरीकाबारे अभिमुखीकरण गरिएको कार्यालयले जनाएको छ । यसैगरी, अभियानको पूर्ण सफलताका लागि वडा तहसम्म स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका अगुवा, सञ्चारकर्मी र स्वास्थ्य सेवा प्रदायक संस्था आबद्ध व्यक्तिको साझा प्रयत्न अभियानमा जोडिएको प्रमुख स्वास्थ्य प्रशासक गुप्ताको भनाइ छ।

"यसपालि औषधिसेवनमा एकजना पनि नछुटून् भन्ने ध्येयका साथ योजना बनाएर काम भएको छ, अभियानमा खटिएका स्वास्थ्यकर्मीले व्यक्ति-व्यक्तिलाई भेटेर आफ्नैअगाडि औषधि खुवाउनेछन्," गुप्ता भन्छिन्, "यसका लागि कुनै घरमा पटकपटक पुग्नुपरे पनि स्वास्थ्यकर्मी पुग्नेछन् ।" घरका सदस्यको गणनामा औषधि छोडिंदा सबैले नखाइदिने र बेवास्ता गर्ने विगतका अनुभवले यसपालि स्वास्थ्यकर्मीले आफ्नैअगाडि खुवाउने व्यवस्था मिलाइएको गुप्ताको भनाइ छ।



मुलुकका सात हात्तीपाइले निवारण हुन नसकेका जिल्लामध्ये महोत्तरी परेपछि यसविरुद्ध प्रभावकारी नतीजा निकाल्न यसपालि आम औषधि सेवन अभियानमा जनजन परिचालित गर्न खोजिएको कार्यालयले जनाएको छ । अभियानको सफलताका लागि वडा तहसम्म सम्बद्ध पक्षबीच चरण-चरणका छलफलले योजना बनेका छन्। दुई वर्ष उमेर पुगेका सबैलाई उनीहरूको उचाइ मापन गरी आवश्यक मात्राको औषधि दिन अभियानमा खटिने स्वास्थ्यकर्मी र स्वयंसेवकलाई प्रशिक्षित गरिएको गुप्ताको भनाइ छ। यस अभियानमा दुई वर्ष उमेर नपुगेका, गर्भवती महिला, सात दिनभित्रका सुत्केरी, अस्पतालमा भर्ना भएका बिरामी, छारे रोग भएका, दीर्घरोगी र निरन्तर डायलायसिस गर्नुपरिरहेका स्वास्थ्य समस्याका बाहेक सबैलाई औषधि खुवाइनेछ। यस अभियान अन्तर्गत यसपालि जिल्लाका सात लाख १६ हजार २६४ जनालाई औषधि खुवाइने गुप्ताले जानकारी दिए।

मधेसका आठ जिल्लामध्ये महोत्तरी, धनुषा, सर्लाही र रौतहटसमेत चार जिल्लामा हात्तीपाइले रोगका बिरामी भेटिएपछि यीसहित मुलुकका कुल सात जिल्लामा यसविरुद्ध अभियान थालिएको छ । मधेसका बाहेक तराईका झापा र कपिलवस्तु एवं हिमाली जिल्ला रसुवामा सरकारले यो अभियान सञ्चालन गर्दैछ। राष्ट्रिय अभियान अन्तर्गत प्रत्येक वर्ष हात्तीपाइले निवारणका लागि औषधि सेवन गराइँदै आइए पनि महोत्तरीमा रोग फैलने क्रम पाइएको छ। गत वर्ष औषधि सेवन गराएपछि रक्त नमूना सर्वेक्षणमा जिल्लामा हात्तीपाइले बढ्दो समस्याका रूपमा पहिचान भएको हो ।

जिल्लाको मटिहानी नगरपालिकाका छ सय व्यक्तिमा रगत परीक्षण गरिंदा २१ जनामा हात्तीपाइले देखिएपछि यसपटक जिल्लामा कोही नछुट्ने गरी औषधि सेवन गराउने तयारी गरिएको हो। मटिहानीमा छ सयजनामा गरिएको रक्त परीक्षणको सर्वेक्षण नतीजाले डरलाग्दो अवस्था देखिएको स्वास्थ्यकर्मीको भनाइ छ। हात्तीपाइले शारीरिकरूपमा अशक्त, अपाङ्ग र कुरूप बनाउने सरुवा रोग हो। सङ्क्रमण भइसकेर पनि वर्षौंसम्म यसका लक्षण नदेखिने भएको हुँदा अन्यमा चाँडै सर्ने सम्भावना रहन्छ। क्युलेक्स लामखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्छ। औषधिसेवनले रोग निको हुने र अन्यमा नसर्ने हुँदा अहिले औषधिसेवनको प्रभावकारितामा जोड दिइएको हो ।

औषधिसेवन गर्दा कसैकसैलाई वाकवाकी लाग्ने, रिङ्गटा लाग्ने, बान्ता आउने र ज्वरो आउने पक्ष औषधिको सेवनले शरीरमा भएका रोगका परजीवी नष्ट हुने क्रम भएको स्वास्थ्यकर्मीले स्पष्ट पारेका छन्। तसर्थ हात्तीपाइलेविरुद्धको आम औषधि सेवन अभियानमा सरिक भई आफू खाने र अरूलाई खान उत्प्रेरित गर्न स्वास्थ्य कार्यालय, महोत्तरीले जिल्लावासीसँग अपील गरेको छ

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपाल-कतार व्यापारः अवसर एवं चुनौती

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**चीन र भारत हाम्रोलागि नाम मात्रका ठूला बजारहरू हुन् । सूचना र प्रविधिको क्षेत्रमा उनीहरूले गरेका अभूतपूर्व विकास र उद्योगको क्षेत्रमा रहेको उनीहरूको वर्चस्वले गर्दा यी दुई छिमेकीबाट हामीले व्यापारिक क्षेत्रमा कुनै पनि किसिमको उल्लेखनीय आर्थिक फाइदा लिन सक्दैनौं ।**

यो आलेख तयार परिरहँदा कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी नेपालको दुई दिने राजकीय भ्रमणमा थिए । राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणमा नेपाल आएका शेख तमिमको नेपालको राजकीय भ्रमणको अवधि नेपाल-कतार सम्बन्धको गहनताको तुलनामा ज्यादै छोटो थियो। मङ्गलवारदेखि बुधवार (२०८१ वैशाख ११ देखि १२)सम्मको दुई दिने भ्रमणमा उनले राष्ट्रपति पौडेलसँग शीतल निवासमा भेट गरे । त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग सिंहदरबारमा भेटवार्ता गरेका थिए ।

नेपाल वा कतार, कुन सरकारको सक्रियतामा शेख तमिमको नेपालको भ्रमण भएको भनी समाचारहरूमा उल्लेख नभए तापनि नेपाल सरकारले उनको यो आगमनलाई अति महत्त्व दिएको भन्ने तथ्य प्रस्टरूपमा देखिन्छ। शेखको नेपाल भ्रमणको पहिलो दिन नेपाल सरकारले मुलुकभरि एक दिन सार्वजनिक बिदा दिएको थियो। यसरी नेपाल सरकारले सार्वजनिक बिदा दिनुले नेपाल सरकारले शेखको भ्रमणलाई उच्च महत्त्व दिएको थप स्पष्ट हुन्छ । साथै नेपालको सार्वजनिक जीवनमा पनि शेखको नेपाल भ्रमणले उच्च सम्मान पाएको छर्लङ्ग हुन्छ ।

कुनै पनि सरकारले गर्ने कुनै पनि कार्यलाई केवल उक्त सरकारसँग सम्बद्ध दलका नेता तथा कार्यकर्ताहरूले मात्र प्रशंसा गर्ने तर विरोधी दलका नेता तथा कार्यकर्ताहरूले सरकारले गर्ने कुनै पनि कार्यको केवल विरोध मात्र गर्ने हाम्रो अनौठो एवं चतुर-चाकडी परम्परालाई छाडेर कुरा गर्ने हो भने वर्तमान सरकारले कतारका अमिर नेपाल आउने वातावरण तयार पार्नु र कतारी सरकारले शेखको नेपाल भ्रमणलाई उपलब्धिपूर्ण मान्नु वर्तमान सरकारले एक असल कार्य गरेको रूपमा हामी जनताले लिनुपर्छ । भन्नु पनि पर्छ । लेख्नुपर्छ । र त्यस्तो गर्न कन्जुस्याइँ गर्नुहुँदैन ।

आर्थिक प्रगतिको दृष्टिकोणले भन्ने हो भने कतार अहिले आर्थिक विकासको प्रतिस्पर्धामा दौडिरहेको त्यस्तो घोडाको हो, जो अन्यलाई पछाडि पार्दै उक्त दौड प्रतिस्पर्धाको पहिलो पङ्क्तिमा छ। कतार अहिले छोटो अवधिमा तीव्र गतिमा आर्थिक विकास गर्ने राष्ट्रमा पर्छ। विश्वको सर्वाधिक प्रतिव्यक्ति आय हुने देशहरूमा (सन् २०२३) पहिलो, दोस्रो र तेस्रो नम्बरमा क्रमशः लक्जेम्बर्ग ($१,२८,८२०), आयरल्यान्ड ($१,०६,९९८) र स्वीट्जरल्यान्ड ($९४,८३५) पर्छन् भने कतार चौथो नम्बरमा ($८९,४१७) पर्छ। कतारको प्रतिव्यक्ति आय संसारको सर्वाधिक ठूलो अर्थतन्त्र भएको तथा एक नम्बर धनी देश अमेरिका (४७७,९५०) भन्दा अधिक रहेको छ । नेपालको प्रतिव्यक्ति आय केवल $४,७५० रहेको छ । नेपालको तुलनामा कतार निकै धनी छ ।

विश्वका सर्वाधिक तेल उत्पादन गर्ने राष्ट्रहरूको सूचीमा कतारको स्थान १५औं रहेको पाइन्छ। पेट्रोलियम र प्राकृतिक ग्याँस कतारी अर्थव्यवस्थाको मेरुदण्ड हो। कतारी सरकारले ७० प्रतिशत आय यिनै दुई क्षेत्रबाट प्राप्त गर्छ। कतारले ठूलो परिमाणमा इन्धन निर्यात गर्छ। कतार विश्वको तेस्रो ठूलो प्राकृतिक ग्याँसको भण्डार भएको देश हो भने विश्वको दोस्रो ठूलो प्राकृतिक ग्याँस निर्यात गर्ने देश हो ।

कतारले आउने वर्षहरूमा इन्धनमा अतिनिर्भर रहेको आफ्नो अर्थव्यवस्थालाई अन्य क्षेत्रमा लग्न वा विविधीकरण गर्ने, पर्यटनतिर पनि आफ्नो ध्यान केन्द्रित गरेको छ । यसैगरी, आफ्नो राष्ट्रिय हवाई व्यवस्थालाई संसारको नै 'हब' वा केन्द्र बनाउने तरखरमा छ। र उपलब्धि पनि हासिल गरेको छ। अहिले कतारको दोहाबाट संसारका अनेक राष्ट्रहरू पुगनका लागि हवाई उडान गर्न सकिन्छ। अर्थात् कतारबाट सोझै विश्वका अनेक देशहरूमा पुग्न सकिन्छ । कनेक्टिङ फ्लाइटको सहयोग लिनुपर्दैन। एक सानो राष्ट्र कतारले गरेको यो सर्वाधिक ठूलो उपलब्धि हो ।

तेल र प्राकृतिक ग्याँसप्रतिको अतिनिर्भरतालाई कम पार्न कतारले अहिले पर्यटन क्षेत्रमा पनि उत्तिकै ध्यान दिएको छ । कतारलाई विश्वसामु परिचित गराउन तथा देशभित्र ठूलो सङ्ख्यामा पर्यटकहरू ल्याउन कतारले सन् २०२२ मा फिफा वर्ल्ड कप २०२२ को आयोजना गरेको थियो । कतार विश्वभरि चर्चित पनि भएको थियो ।

कतारसँगको सम्बन्धलाई थप सुमधुर पार्न नेपाल सरकारले विशेष पहल गरेको हो वा कतार सरकारले नै विशेष पहल गरेको हो, स्थिति जे जस्तो होस्, तर यो स्थिति नेपालको अति हितमा छ। नेपाल-कतारबीचको सुमधुर सम्बन्धले नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ । यो कुरा विश्वासका साथ भन्न सकिन्छ ।

नेपाल-कतार सुमधुर सम्बन्धको फाइदा हामीले तीन क्षेत्रहरूमा लिन सक्छौं। र ती क्षेत्रहरू हुन्- पर्यटन, निर्यात तथा श्रम ।

हामीले माथि नै भनिसक्यौं, कतार एक धनी देश हो। कतारीहरूको क्रयशक्ति पनि ज्यादै बलियो छ । यदि कतारीहरूलाई नेपाल आउन, नेपालमा लामो समयसम्म बस्न तथा पर्वतीय क्षेत्रहरूको भ्रमणमा जान उत्प्रेरित गर्न सक्यौं भने हामीले पर्यटनबाट राम्रो आम्दानी प्राप्त गर्न सक्छौं। प्राकृतिक मनोरम दृश्यले भरिपूर्ण देश नेपालमा आउन कतारीहरू अवश्य पनि इच्छुक एवं उत्साहित हुनेछन्। कतारमा मरुभूमिको बाहुल्यता रहेको छ भने उच्च हिमाल र अग्ला पहाडहरूको अभाव छ। कतारीहरूका लागि उच्च हिमाल र अग्ला पहाडहरू आकर्षक र प्रमुख गन्तव्य हुन सक्छन् । हामीले हाम्रो पर्यटकीय क्षेत्रको प्रचारप्रसार प्रभावकारी किसिमले कतारमा गर्न सक्यौं भने अवश्य पनि ठूलो सङ्ख्यामा कतारीहरू भ्रमणका लागि नेपाल आउनेछन्। नेपाल-कतार आर्थिक सम्बन्धले अवश्य पनि नेपालमा बेरोजगारी कम पार्नमा सघाउ पुऱ्याउने छ ।

चीन र भारत जस्ता दुई धनी छिमेकीको बीचमा रहेको हाम्रो स्थितिले गर्दा हामीले सस्तोमा औद्योगिक वस्तुहरू अनेक देशहरूलाई बिक्री गरेर राम्रो आम्दानी पाउन सक्दैनौं। हामीले नेपालमा उत्पादन गर्दा उत्पादन लागत ( भारत र चीनको तुलनामा) कम पार्न सक्दैनौं ।

तर यदि हामीले मौलिक नेपाली वस्तुहरू, हस्तकलाका वस्तुहरू, जडीबुटी आदि कतारलाई बिक्री गर्ने हो भने ती वस्तुहरू कतारमा सजिलै बिक्री गर्न सक्छौं। ती वस्तुहरू हाम्रा मौलिक वस्तु भएकाले कतारी बजारहरूमा ती वस्तु बिक्री गर्दा अन्य वस्तुहरूसँग हाम्रा वस्तुहरूले प्रतिस्पर्धा गर्नुपर्दैन ।

हामीले मौलिक नेपाली वस्तुहरू ठूलो परिमाणमा कतार निर्यात गर्न अनेक अध्ययन र अनुसन्धान गर्नुपर्छ । कतारी उपभोक्ताहरूको प्राथमिकता, रुचि, इच्छा आदि बुझ्नुपर्छ । कतारी उपभोक्ताहरूको खरीद व्यवहार बुझेर हामीले मौलिक नेपाली वस्तुहरू कतारतिर निर्यात गर्नुपर्छ। उच्च प्रशोधित जल पनि हामीले कतारी बजारहरूमा बिक्री गर्न सक्छौं ।

हामीले अहिले कतारको श्रम बजारबाट राम्रो आम्दानी प्राप्त गर्न सकेका छैनौं। तर योजनाबद्ध किसिमले कार्य गर्ने हो भने कतारको श्रम बजारबाट राम्रो लाभ प्राप्त गर्न सक्छौं। अहिले कतारमा चार लाखभन्दा बढी नेपाली कामदार कार्यरत छन् । यति ठूलो सङ्ख्यामा नेपाली कामदारहरू कतारमा कार्यरत छन्, तर उनीहरू कम आय प्राप्त हुने क्षेत्रमा छन्। नेपालबाट कतार पुगेका लाखौं अदक्ष कामदार अहिले कतारको निर्माण क्षेत्रमा कार्यरत छन्। श्रमिकको रूपमा कार्यरत छ। अर्थात् अहिले कतारमा अदक्ष नेपाली कामदारहरूको सङ्ख्या ठूलो छ ।

यदि दक्ष कामदारको रूपमा नेपालीहरूले कतारमा काम गर्न पाउने हो र ठूलो सङ्ख्यामा नेपालीहरूलाई कतारी सरकारले दक्ष कामदारको रूपमा कार्य गर्न दिने हो तथा नेपालबाट ठूलो सङ्ख्यामा दक्ष कामदारहरू कतार पठाउन हामी सफल हुने हो भने कतारको श्रम बजारबाट हामीले ठूलो लाभ प्राप्त गर्न सक्छौं। कतारको श्रम बजार हाम्रोलागि ठूलो व्यापारिक अवसर हो।

चीन र भारत हाम्रोलागि नाम मात्रका ठूला बजारहरू हुन्। सूचना र प्रविधिको क्षेत्रमा उनीहरूले गरेका अभूतपूर्व विकास र उद्योगको क्षेत्रमा रहेको उनीहरूको वर्चस्वले गर्दा यी दुई छिमेकीबाट हामीले व्यापारिक क्षेत्रमा कुनै पनि किसिमको उल्लेखनीय आर्थिक फाइदा लिन सक्दैनौं। हाम्रो सानो बजारले उनीहरूको ठूलो बजारसँग प्रतिस्पर्धा गर्न सक्दैन ।

नेपाल-कतार सुमधुर सम्बन्धको उपयोग हामीले नेपालको आर्थिक विकासमा गर्न सक्छौं। यदि हामीले यस विषयलाई महत्त्व दिने हो भने ।



**स्याउबारीः** मुस्ताङको घरपझोङ गाउँपालिका-२ स्थित मार्फा गाउँको स्याउबारी। तस्बिरः धनबहादुर गुरुङ/रासस

## औद्योगिक नगरीले ओझेलमा वीरगंजको पर्यटन

हिमाल लम्साल/रासस

औद्योगिक तथा व्यापारिक नगरीको पहिचान बनाएको वीरगंजमा पर्यटन




तस्वीरः एजेन्सी

क्षेत्रले आशातित विकास हुने अवसर पाएको छैन। वीरगंजमा भारतीय तथा अन्य मुलुकका पर्यटकलाई लक्षित गरेर क्यासिनोसहितका सुविधासम्पन्न तारे होटल पनि सञ्चालनमा छन् ।

एकातर्फ व्यापारिक तथा औद्योगिक शहरको छाया र अर्कोतर्फ पर्यटकीय गन्तव्यको प्रचारप्रसारको कमीको कारणले पनि वीरगंजमा अपेक्षाकृत पर्यटक भित्रिन सकिरहेका छैनन् । सीमावर्ती रक्सौल नाका हुँदै मासिक हजारौंको सङ्ख्यामा भारतीय पर्यटक नेपाल आइरहेका हुन्छन् । आकर्षक गन्तव्यको अभावमा भारतीय पर्यटकलाई वीरगंज आसपासको क्षेत्रमा रोक्न सकिएको छैन। जसले गर्दा यहाँको पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्दै आइरहेको छ।

दियालो लड्र्स प्लाजाका सञ्चालक अनिल रूँगटा औद्योगिक तथा व्यापारिक नगरीको कारणले पनि वीरगंजको पर्यटन क्षेत्र ओझेलमा परेको बताउँछन् । "वीरगंज लामो समयदेखि औद्योगिक तथा व्यापारिक शहर भएपनि पर्यटन क्षेत्रको भने सोचे अनुसारको विकास हुन सकिरहेको छैन," उनले भने, "सबै मिलेर वीरगंजलाई पर्यटकीय क्षेत्रको रूपमा पनि विकास गर्न आवश्यक भइसकेको महसूस गरेका छौं।" उनका अनुसार वीरगंजमा पछिल्लो समय सुविधासम्पन तारे होटल तथा रिसोर्टहरू सञ्चालनमा आएका छन्। वीरगंजका तारे होटलमा दियालो लड्र्स प्लाजा, भिस्वा, क्लार्क रिसोर्ट, मकालुलगायतका आधा दर्जनभन्दा धेरै रहेका छन्। वीरगंज बजार क्षेत्रमा मात्रै साना/ठूला गरेर ९० भन्दा धेरै होटल तथा लज छन्।

होटल तथा पर्यटन व्यवसायी सङ्घ, पर्साका महासचिव माधव बस्नेतले वीरगंजको पर्यटन क्षेत्र आन्तरिक र सीमा क्षेत्रका भारतीय पर्यटककै कारणले जेनतेन चल्दै आइरहेको बताउँछन् । "वीरगंजको पर्यटन क्षेत्र आन्तरिक र भारतीय पर्यटककै कारणले धानिंदै आइरहेको छ। यहाँ तेस्रो मुलुकका पर्यटक खासै आउँदैनन्," उनले भने। "वीरगंजले विदेशी तथा स्वदेशी पर्यटकलाई आकर्षित गर्ने खालका प्याकेज ल्याएर आकर्षित गर्न जरुरी देखिन्छ। "विभिन्न ब्रान्डका कम्पनी आफ्ना उत्पादनको प्रसारप्रसार गर्न वीरगंज आउने भएकाले पनि वीरगंजलाई उत्पादककर्ता र क्रेताबीचको गन्तव्यको रूपमा विकास गर्न सके पर्यटन क्षेत्रले पनि लाभ लिन सकिने थियो कि।"

भारतको रक्सौल नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकले वीरगंजलाई केवल बाटोका रूपमा मात्रै प्रयोग गर्दै आइरहेका छन् । जसका कारणले वीरगंजको पर्यटन क्षेत्रले त्यसको लाभ उठाउन सकिरहेका छैन । त्यही समस्यालाई मध्यनजर गर्दै वीरगंज महानगरपालिकाले वीरगंज नाका हुँदै नेपाल प्रवेश गर्ने भारतीय पर्यटकलाई कम्तीमा पनि दुई रात पर्सा आसपासकै क्षेत्रमा बसोबास गर्ने वातावरण सिर्जना गर्नेतर्फ ध्यान दिइरहेको जनाएको छ ।

वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहले अहिले भारतीय पर्यटकले वीरगंजलाई केवल नाका (बाटो) को रूपमा मात्रै प्रयोग गर्दै आइरहेकाले पनि कम्तीमा पनि वीरगंज आसपासका क्षेत्रमा पर्यटकको दुई रात बसाइ कसरी लम्ब्याउने विषयमा गृहकार्य गर्दै आइरहेको बताए । "वीरगंज केवल औद्योगिक र व्यापारिक शहर मात्रै होइन। वीरगंजमा भोजपुरी कला संस्कृतिको धरोहरको रूपमा रहेका ऐतिहासिक तथा धार्मिक स्थल रहेका छन्। प्रचारप्रसारको अभावमा सबैलाई बुझाउन सकिरहेका छैनौं," नगरप्रमुख सिंहले भने, "अब हामीले स्वदेशी तथा विदेशी पर्यटकलाई वीरगंजको वैभवको रूपमा रहेका धार्मिकस्थल तथा अन्य कला-संस्कृति देखाएर पर्यटकको बसाइ बढाउने प्रयास गरिरहेका छौं।"

महानगरकै अगुवाइमा गत चैत २९ देखि वैशाख १ गतेसम्म वीरगंजको आदर्शनगरमा रात्रिबजार कार्यक्रमसमेत आयोजना गरिएको थियो। महानगरका अनुसार विगतको तुलनामा अहिले वीरगंजका सडक तथा धार्मिकस्थल सफासुग्घर भएकाले पनि पर्यटकको बसाइलाई अझै सहज र मनमोहक बनाउने कोशिश भइरहेको छ । रात्रिकालीन समयमा वीरगंजका अधिकांश ऐतिहासिक तथा धार्मिकस्थल स्ट्रिप (रङ्गीचङ्गी लाइट) तथा स्ट्रीट लाइटले रङ्गीन र झिलीमिली पनि बनाइरहेका छन् । वीरगंजको घण्टाघर, शङ्कराचार्यद्वार, गहवामाई मन्दिर, गीतामन्दिर, रामजानकी मन्दिर, पशुपतिनाथ मन्दिर मुख्य आकर्षणको केन्द्रबिन्दु रहेका छन्।

नगरप्रमुख सिंहले वीरगंजलाई धार्मिक पर्यटकीयस्थलको गन्तव्य बनाउन सक्रिय भएर लागेको बताएका छन् । "वीरगंजमा गहवामाई मन्दिरको मात्रै प्रचारप्रसार भएको छ," उनले भने, "गहवामाईका छजना दिदीबहिनीका शक्तिपीठको कुनै प्रचारप्रसार हुन सकिरहेको छैन । त्यसैले महानगरले धार्मिक पर्यटकीयस्थलको रूपमा अघि बढाउन खोजिरहेको छ।" वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष सुबोधकुमार गुप्ता वीरगंजलाई औद्योगिक पर्यटन क्षेत्रको रूपमा विस्तार गर्न आवश्यक रहेको बताउँछन् ।

"नेपालका अन्य शहरले प्राकृतिक सौन्दर्यतालाई देखाएर पर्यटकलाई आकर्षित गर्दै आइरहेका छन्। तर हामीले वीरगंजलाई औद्योगिक तथा शैक्षिक हबको रूपमा पर्यटन क्षेत्रको विकास गर्न

(बाँकी चौथो पातामा)

# १६औं योजनाले एकीकृत पूर्वाधार र सूचना प्रविधिको विस्तारमा जोड दिएको छ –प्रधानमन्त्री

काठमाडौं, १३ वैशाख/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १६औं योजनामा एकीकृत पूर्वाधार निर्माण र सूचना प्रविधिको विस्तार तथा उपयोगमा विशेष जोड दिइएको बताएका छन् ।

राष्ट्रिय विकास परिषद्को बैठकको उद्घाटन सत्रमा बिहीवार उनले कृषिको व्यवसायिकीकरण, उत्पादनमूलक उद्योग, रोजगारमूलक शिक्षा तथा स्वास्थ्य क्षेत्रको गुणस्तर वृद्धिमा १६औं योजना केन्द्रित हुने बताए ।

"पर्यटन प्रवर्द्धन र आन्तरिक रोजगार अभिवृद्धि एवं एकीकृत बस्ती विकासमा उच्च प्राथमिकता दिनुपर्नेछ," प्रधानमन्त्री प्रचण्डले भने, "यसका लागि योजनाले स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धिसहित युवा केन्द्रित सुरुआती पूँजी लगानीमार्फत नवीनता र उद्यमशीलता विकासमा जोड दिन आवश्यक छ ।"

आर्थिक समृद्धिको संवाहकका रूपमा निजी क्षेत्रलाई आत्मसात् गर्दै सहकारी, सामुदायिक एवं गैरसरकारी क्षेत्र र विकास साझेदारलाई सहयोगी भूमिकामा योजनाले अङ्गीकार गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सोच, लक्ष्य र लगानीको अनुमान उपयुक्त हुनेगरी योजना तयार हुने विश्वास व्यक्त गरे ।

योजना सफल कार्यान्वयनका लागि तीनै तहका सरकारको सहकार्य, सहयोग र समन्वय अपरिहार्य रहनुपर्ने बताउँदै उनले पर्याप्त लगानी तथा सार्वजनिक खर्च जुटाउनका लागि सबै तहका सरकारले विवेकपूर्ण राजस्व परिचालन गर्नुपर्नेमा जोड दिए ।

"योजना अवधिमा विभिन्न स्रोतको साथै निजी क्षेत्रको ठूलो लगानीको अनुमान गरिएको छ," प्रधानमन्त्री प्रचण्डले भने, "यस क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउन लिइएका लक्ष्य, उद्देश्य तथा रणनीतिबाट योजना अवधिमा


तस्वीरः रासस

लगानी, उत्पादन, उत्पादकत्व र रोजगार अभिवृद्धि गरी आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अपेक्षा छ ।"

सबै पक्षलाई समेटेर नियमित र नतीजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयनमा जोड दिनुपर्ने बताउँदै प्रधानमन्त्रीले अब आर्थिक सुधारको एकीकृत ढाँचा राष्ट्रिय योजना आयोगले सबै निकायको समन्वयमा तयारगरी कार्यान्वयन गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री प्रचण्डले भने, "तीनै तहका सरकार, निजी क्षेत्र, सहकारी र विकास साझेदारलगायतका सबैको सहकार्य र प्रभावकारी समन्वयबाट योजनाले लिएको औसत आर्थिक वृद्धि हासिल हुनुका साथै अन्य सामाजिक तथा पर्यावरणीय लक्ष्य हासिल हुनेमा म विश्वस्त छु ।"

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने सम्भावना रहेको उल्लेख गर्दै १६औं योजनामा कृषिलाई प्राथमिकतामा राखनुपर्ने बताए । "वनजन्य तथा खनिजजन्य उद्योग स्थापना गर्नुपर्छ, नीतिगत त्रुटि हटाएर जानुपर्छ," उनले भने, "निजी क्षेत्रलाई विश्वासमा लिएर सरकार अघि बढ्नुपर्छ, निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइनुपर्छ ।" जलविद्युत् र पर्यटन क्षेत्रले विकासबाट मुलुकमा महत्त्वपूर्ण टेवा मिल्ने उल्लेख गर्दै उनले यी क्षेत्रमा सरकारले पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने बताए ।


राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न राजनीतिक दल, कर्मचारीतन्त्र र आम नागरिक एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए । "मुलुकको विकास र समृद्धिका लागि आवश्यक स्रोत साधन मुलुकमैं हुँदा पनि कानूनी उल्झनले गर्दा आयातमा निर्भर हुनुपरेको छ," उनले भने, "उपलब्ध साधनस्रोतको उपयोग गर्न ऐन कानूनमा सुधार गर्नुपर्छ, उत्पादन अभिवृद्धि गरेर जानुपर्छ, आयातमा मात्रै निर्भर हुनुहुँदैन ।"

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले सङ्घीयतालाई मजबूत बनाउने गरी योजना अघि बढाइनुपर्ने बताए । "प्रदेशमा जनशक्ति छैन, प्रभावकारी कामका लागि कानून छैन," उनले भने, "प्रदेशलाई स्रोत र साधनबाट सबल नबनाइ मुलुकको समृद्धि हुन सक्दैन ।" उनले मुलुकको विकासका लागि योजनाबद्ध विकास अवधारणा अघि बढाइनुपर्नेमा जोड दिए ।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री रञ्जीता श्रेष्ठले राजनीतिक तथा न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने, स्वास्थ्य शिक्षा, रोजगार, आवास र अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाइनुपर्ने बताइन् । "१६औं योजनाले लिएको लक्ष्य र उद्देश्य हासिल गर्न सबै तहबीचको अन्तरसम्बन्ध मजबूत बनाइ कार्यात्मक क्षमताको भरपूर उपयोग गर्नुपर्छ, सबै राजनीतिक दल जिम्मेवार र एकताबद्ध भई मुलुकको समृद्धिका निम्ति साझा लक्ष्यका साथ अघि बढ्न जरुरी छ," उनले भनिन् ।पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको आर्थिक विकासमा प्राथमिकताप्राप्त आयोजना छनोट गरेर जानुपर्नेमा जोड दिँदै उनले आयोजना छनोट र बजेट विनियोजनमा विशेष ध्यान दिइनुपर्ने बताए । पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले पछिल्लो समय अर्थतन्त्रमा सुधार हुँदै गएको उल्लेख गर्दै कम लगानीबाट बढी प्रतिफल लिने नीति अख्तियार गरिनुपर्ने बताए ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले आयोगको पुनर्संरचना गरेर कानूनीरूपमा थप सबल बनाएर जानुपर्ने बताए । आयोगलाई सबल बनाउन सकेको खण्डमा मात्र १६औं योजनाका रणनीति र कार्यनीति कार्यान्वयनका लागि सहज हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरू, उपप्रधानमन्त्रीहरू, मुख्यमन्त्री, सङ्घीय संसद् समितिका सभापति, राष्ट्रिय सुरक्षा सल्लाहकारलगायतको सहभागिता थियो ।


**मार्फाको कपडा बजारः** मुस्ताङ, घरपछोड गाउँपालिका मार्फाको सफासुग्घर भएको सानो बजारमा कपडापसल । मार्फा बजारमा गुजुमुज्ज भएका ढुङ्गा र माटोले बनेका रैथाने घरहरू छन् । यहाँका बासिन्दाहरूले चौरी गाई, च्याङ्ग्रा र भेडाको रौंबाट हातले लुगा कपडाहरू तयार गरी बेच्छन् । तस्बिरः अर्चना झा/रासस

## नेपाल-चीन (तिब्बत) व्यापार मेला हुँदै

काठमाडौं, १३ वैशाख/रासस

नेपाल-चीन (तिब्बत) १७औं आर्थिक तथा व्यापार मेला यही वैशाख १७ गते आयोजना हुने भएको छ । नेपाल सरकार र चीनको स्वशासित क्षेत्र तिब्बतको वाणिज्य विभागबीच सन् १९९० मा सम्पन्न दुई देशका सरकारको व्यापार प्रतिनिधिमण्डलबीच भएको सम्झौता अनुसार प्रत्येक दुई/दुई वर्षमा सो मेला हुँदै आएको छ ।

नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतमा दुई वर्षमा आलोपालो हुनेगरी आर्थिक तथा व्यापार मेला आयोजना गर्ने सम्झौता बमोजिम मेला आयोजना गर्नेगरी तयारी गरिएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जनाएको छ ।

नेपाल र चीन (तिब्बत)बीच दुई पक्षीय आर्थिक तथा व्यापार आर्थिक र व्यापारिक सम्बन्ध अझ विस्तार गर्ने मेलाको प्रमुख उद्देश्य रहेको केन्द्रले बिहीवार पत्रकार सम्मेलन आयोजना गरी जनाएको छ ।

मेलामा चीन (तिब्बत)बाट स्वशासित क्षेत्र तिब्बतका सरकारी प्रतिनिधिको रूपमा चीनको स्वशासित क्षेत्र तिब्बत सरकारका उपाध्यक्ष लङ फुकुअनको नेतृत्वमा पाँच सदस्यीय उच्चस्तरीय प्रतिनिधिमण्डलसहित करीब १२५ जना व्यापारी प्रतिनिधिको सहभागिता रहनेछ ।

मेलामा चीन (तिब्बत)को तर्फबाट ५० प्रदर्शनी कक्ष रहने केन्द्रले जनाएको छ । तिब्बतका स्टलहरूमा परम्परागत जडीबुटी, कृषिजन्य उत्पादन, आधुनिक कृषि औजार, चिया, विद्युतीय उपकरण, घरायसी प्रयोगका साधन, कार्पेट, पेय पदार्थ, परम्परागत हस्तकलाका सामान, परम्परागत धुप, दुई पाङ्ग्रे, तीन पाङ्ग्रे,

(बाँकी अन्तिम पातामा)

## औद्योगिक ...

सके धेरै फाइदा लिन सक्नेछ," उनले भने, "औद्योगिक गतिविधि सँगसँगै पर्यटन क्षेत्रको पनि विकास गरेर अर्थोपार्जनमा टेवा पुऱ्याउन सकिन्छ ।" पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले पनि बारा र पर्सा जिल्लाले संयुक्तरूपमा पर्यटन क्षेत्रको प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाउनुपर्ने बताउँछन् । "बारा र पर्सामा पर्यटकीय सम्भावना भएका क्षेत्र धेरै छन् । तर हामीले पर्यटकलाई आकर्षित गर्न भने चुकिरहेका छौं," उनले भने, "अब प्याकेज नै बनाएर नै यी दुई जिल्लाको पर्यटन उकास्ने काम गर्न जरुरी भएको छ ।"


सूचना अधिकारी भगतले निकुञ्ज क्षेत्रमा पर्यटकलाई आकर्षित गर्ने खालका पूर्वाधार निर्माणमा निजी क्षेत्र पनि अग्रसर हुने बेला आएको बताए । "चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकको सङ्ख्या निकै ठूलो छ । तर यहाँ घुम्न आउने पर्यटकको सङ्ख्या ज्यादै न्यून छ । यहाँका पर्यटन व्यवसायीले पूर्वाधारको साथसाथै प्रचारप्रसारमा समेत ध्यान दिन जरुरी भइसकेको छ," उनले भने, "पर्यटक क्षेत्रले एकैपटक प्रतिफल दिँदैन । त्यसमा पर्यटकमैत्री पूर्वाधार र आतिथ्य सत्कारमा पनि उत्तिकै ध्यान दिन आवश्यक देखिन्छ ।"

काठमाडौंबाट सिमरामा नियमितरूपमा हवाई सेवा सञ्चालन हुँदै आइरहेको छ । पर्यटन व्यवसायीले दुई दिनको प्याकेज बनाएर पर्सा राष्ट्रिय निकुञ्ज, गढीमाई मन्दिर र वीरगंज आसपासका क्षेत्रलाई गन्तव्यको रूपमा विकास गर्न सके यहाँको पर्यटन क्षेत्रले पनि फड्को मार्ने थियो । पर्सा राष्ट्रिय निकुञ्जमा बाघ, हात्ती, गैंडा, गौरीगाई तथा विभिन्न प्रकारका चराचुरुङ्गीको अवलोकन गर्न सकिन्छ । निकुञ्जका सूचना अधिकारी भगतले विदेशी पर्यटकलाई लक्षित गरेर पर्यटकीयस्थलको प्याकेज तथा अनलाइन बूकिङको सुविधा दिएर पनि पर्यटकलाई लोभ्याउनुपर्ने बताउँछन् । वीरगंजको पर्यटन आन्तरिक तथा भारतीय पर्यटककै भरमा चल्दै आइरहेको छ । आन्तरिक र भारतीयबाहेक अन्य मुलुकका पर्यटक यहाँ नगण्य मात्रै आउने गरेका छन् ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ, पर्साका महासचिव बस्नेतले वीरगंजको नाका हुँदै मासिक १० हजारभन्दा धेरै भारतीय पर्यटक भित्रिने गरेको बताउँछन् । "रक्सौल नाका हुँदै मासिक १० हजारभन्दा धेरै भारतीय पर्यटक भित्रिने गर्छन् । तर उनीहरूलाई वीरगंज आसपास क्षेत्रमा अड्याउन अझै पनि सकिरहेका छैनौं," उनले भने, "आपसी समन्वयको अभाव हुँदा पनि भारतीय पर्यटक वीरगंजमा केवल ब्रेकफास्ट तथा फ्रेस हुन मात्रै बस्ने अवस्था छ । हामीले कसरी हुन्छ एक/दुई रात भएपनि यहीं बस्ने वातावरण बनाउनुपर्ने जरुरी भइसकेको छ ।"

महासचिव बस्नेतले प्रहरीको अनावश्यक जाँचका कारणले पनि भारतीय पर्यटक आउन आनाकानी गर्दै आइरहेको गुनासो गरे । "भारतको बिहार राज्यमा मदिराजन्य पदार्थमा प्रतिबन्ध लगाइएको छ । त्यसैले पनि केही भारतीय पर्यटक वीरगंजमा रमाइलो गर्न आउने गर्छन् । भारतीय पर्यटकलाई भारु २५ हजार मात्रै ल्याउन पाउने प्रावधानले पनि हैरानी दिएको छ । त्यसैमा बेलाबखत प्रहरीको अनावश्यक चेकजाँचले पनि समस्या पार्ने गरेको छ ।" गढीमाई, सिम्रौनगढ, पर्सा राष्ट्रिय निकुञ्जलगायतका क्षेत्रलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरेर पर्यटकको बसाइ लम्ब्याउनुपर्ने देखिएको छ ।

नगरप्रमुख सिंहले १३५ वर्ष पुरानो ऐतिहासिक नृसिंह मन्दिरको जीर्णोद्धारको प्रक्रिया अघि बढाइएको बताए । "हामीमाझ १३५ वर्ष पुरानो नृसिंहको मन्दिर छ । महानगरले पुरातत्त्व विभागसँग समन्वय गरेर मन्दिरको विस्तृत परियोजना प्रतिवेदनसमेत तयार पारिसकेको छ," उनले भने, "मन्दिरको जीर्णोद्धारका लागि आवश्यक बजेट प्रदेश तथा सङ्घीय सरकारसँग माग गरिरहेका छौं ।"


**व्यावसायिकरूपमा काँक्रा उत्पादन गरिँदैः** गुल्मीको छत्रकोट गाउँपालिका-५ स्थित खर्ज्याङ्मा व्यावसायिकरूपमा काँक्रा उत्पादन गर्दै कृषक विष्णुप्रसाद भण्डारी । भण्डारीले प्रतिकिलो १२० रुपियाँ थोक मूल्यमा दैनिक दुई क्विन्टल काँक्रा बिक्री गर्दै आएका छन् । तस्बिरः जनार्दन घिमिरे/रासस


## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## जलवायु परिवर्तनले नयाँ क्षेत्रमा फैलिंदै मलेरिया

लागोस (नाइजेरिया), १३ वैशाख/एपी

गत वर्ष अमेरिकामा स्थानीयरूपमा प्रसारित मलेरिया थोरै सङ्ख्यामा पाइएपछि जलवायु परिवर्तनले केही रोगको खतरालाई पुनर्जीवित वा स्थानान्तरण गर्दैछ भन्ने कुराको सम्झना गराएको थियो । यद्यपि अफ्रिकी महादेशमा मलेरियाले लाखौं मानिसलाई मारेको वा बिरामी पारेको छ ।



नाइजेरियाको लागोस शहरको अनौपचारिक छिमेकी मकोकोका ६६ वर्षीया फनमिलायो कोटुनलाई नै लिऔं । यहाँको फोहर पानीको पोखरीले मलेरिया फैलाउने लामखुट्टेका लागि अनुकूल प्रजनन अवस्था प्रदान गर्छ । अमेरिकी डलर सातदेखि २१ को बीचमा पाइने उपचार गरिएको कीटनाशक मच्छरदानी कोटुनले किन्न सकिनन् । यहाँ एन्टिमलेरिया औषधि वा उपचार अत्यन्त कम हुन्छ ।

मलेरिया परजीवी अधिकांश सङ्क्रमित लामखुट्टेमार्फत मानिसमा फैलिन्छ र ज्वरो, टाउको दुख्ने र चीसोलगायतका लक्षण निम्त्याउन सक्छ । यसले धेरैजसो पाँच वर्षभन्दा कम उमेरका बालिबालिका र गर्भवतीहरूलाई असर गर्छ ।

खोपको प्रयास अहिले पनि प्रारम्भिक चरणमा छ । क्यामरुन यस वर्ष बालबालिकालाई नियमितरूपमा मलेरियाको नयाँ खोप दिने पहिलो मुलुक बन्यो । यहाँ यो ३० प्रतिशत मात्र प्रभावकारी छ र प्रसारणलाई यसले रोक्न सक्दैन । दोस्रो खोपलाई हालै मन्जुरी दिइएको थियो ।

एन्टिमलेरिया औषधि र कीटनाशकहरूको प्रतिरोधका घटनाहरू बढिरहेका छन् भने सरकार र दाताहरूबाट नवप्रवर्तनका लागि कोष सुस्त भइरहेको छ ।

भीडभाड भएको क्षेत्र, जमेको पानी, खराब सरसफाइ तथा उपचार र रोकथाम सामग्रीसम्म पहुँचको अभावले धेरै क्षेत्रमा बस्ने अवस्थाको भूमिका निर्वाह गर्छ । यसअघि भारत र फारसको खाडीमा देखिएका लामखुट्टेको आक्रामक प्रजाति नयाँ चिन्ताको विषय बनेको छ ।

विश्वव्यापीरूपमा मलेरियाका मामिला बढिरहेका छन् । सन् २०१९ मा सङ्क्रमण २३ करोड ३० लाखबाट बढेर सन् २०२२ मा ८५ मुलुकमा २४ करोड ९० लाख पुगेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार मलेरियाबाट मृत्युको सङ्ख्या सन् २०१९ मा पाँच लाख ७६ हजारबाट बढेर सन् २०२२ मा छ लाख आठ हजार पुगेको छ ।

मलेरियाको विश्वव्यापी बोझको करीब ७० प्रतिशत वहन गर्ने १२ मुलुकमा ११ अफ्रिकामा छन् भने अर्को मुलुक भारत हो । सन् २०२२ मा अफ्रिकामा मलेरियाबाट मर्ने पाँच लाख ८० हजारमा ८० प्रतिशत मृत्यु पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको भएको थियो ।

मलेरियाविरुद्धको लडाइँले तीव्ररूपमा निदान परीक्षण, खोप र नयाँ मच्छरदानीजस्ता कीटनाशक प्रतिरोधको सामना गर्ने क्षेत्रमा केही प्रगति देखिएको छ तर कोभिड-१९ र फोकस फर फन्डिङमा परिवर्तनले यी प्रयासहरूलाई पछाडि धकेलेको छ ।

गत वर्ष ट्रपिकल मेडिसिन एन्ड इन्फेक्सियस डिजिजमा प्रकाशित एक अध्ययनमा कोभिड-१९ का कारण जारी लकडाउनले सम्पूर्ण अफ्रिकामा ३० प्रतिशत ग्रामीण सामुदायिक स्वास्थ्य बिन्दुहरूमा अवरोध उत्पन्न भएको बताइएको छ । सन् २००० र सन् २०१९ को बीच घट्ने प्रवृत्तिलाई तोड्दै मलेरियाका मामिला पुनः बढ्न थालेको छ । डब्ल्युएचओका अनुसार घट्दो प्रवृत्ति चाँडै फर्कन सक्छ ।

ग्लोबल फन्ड टु फाइट एड्सका कार्यकारी निर्देशक पिटर स्यान्ड्सले भने, "अफ्रिका जलवायु परिवर्तनको तीव्र अन्त्यमा छ र चरम मौसमी घटनाहरूको बढ्दो आवृत्तिले निम्न र मध्यम आय भएका क्षेत्रमा मलेरियासँग मुकाबिला गर्ने प्रयासलाई बर्बाद गरिरहेको छ ।"

सन् २०२३ मा डब्ल्युएचओको विश्व मलेरिया प्रतिवेदनमा पहिलोपटक मलेरिया र जलवायु परिवर्तनबीचको सम्बन्धमा एउटा अध्याय समावेश गरिएको छ । यसमा सम्भावित जोखिम गुणकका रूपमा यसको महत्त्वमाथि प्रकाश पारिएको छ ।

वैज्ञानिकहरूले माउन्ट किमिमान्जरोको ढलान र पूर्वी इथियोपियाको पहाडलगायत कुनै पनि समयमा लामखुट्टेको बसोबास नहुने क्षेत्रमा बस्ने मानिसहरू मलेरियाको चपेटामा आउन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

दशकौंमा आफ्नो सबैभन्दा तातो दिन रेकर्ड गरेको जिम्बाब्वेका केही जिल्लामा मलेरियाको प्रसारण अवधि बढाइएको छ । जिम्बाब्वेमा मलेरियाका लागि डब्ल्युएचओका प्राविधिक अधिकारी डा प्रिसियस एन्डिफासीले भने, "यो परिवर्तनका लागि जलवायु परिवर्तनलाई श्रेय दिइएको छ ।" रासस



सर्लाहीको हरिपुर्वा नगरपालिका-५ धोबियाही टोलमा आगलागी भएर पाँचवटाभन्दा बढी घर जलेका छन् । आगोलाई नियन्त्रणमा लिने काम जारी छ । तस्वीरः प्रतीक

## निर्वाचन आयोगलाई शिक्षा मन्त्रालयको अनुरोध

काठमाडौं, १३ वैशाख/रासस

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दलीय आबद्धता भएका शिक्षकहरूलाई कारबाई गर्न सहजताका लागि निर्वाचन आयोगसँग राजनीतिक दलका कार्यकारिणी समितिको विवरण माग गरेको छ ।

राजनीतिक दलका केन्द्रीय, प्रदेश र जिल्ला तहका सबै कार्यकारिणी समितिमा रहेका पदाधिकारीहरूको विवरण माग गरी निर्वाचन आयोगमा पत्राचार गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको सचिवालयले दलीय आबद्धता भएका शिक्षकको विषयमा परेका उजूरीको विवरण यकीन गरी कारबाई अघि बढाउन आयोगको अभिलेखमा भएको दलका कार्यसमितिको विवरण मागिएको जानकारी दिएको हो ।

निर्वाचन आयोगबाट विवरण प्राप्त भएपछि मन्त्रालयले आफूसँग भएको शिक्षक, कर्मचारीको विवरण र राजनीतिक दलका कार्यकारिणी समितिका पदाधिकारीको विवरण हेर्ने सचिवालयले बताएको छ ।

शिक्षक, कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिमा बसेको पाइएमा शिक्षा ऐन अनुसार पदबाट हटाउनेसम्मको कारबाई प्रक्रिया अगाडि बढाउने मन्त्री श्रेष्ठले चेतावनी दिंदै आएका छन् ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा उजूरी र गुनासो प्राप्त भएको सचिवालयले जनाएको छ ।

विगतमा सम्मानित उच्च अदालतबाट राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनु भनी शिक्षा मन्त्रालयलगायतका विपक्षीका नाममा परमादेशको आदेश भएको थियो ।

मन्त्री श्रेष्ठले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग छलफल गरेर उक्त फैसला कार्यान्वयनका लागि निर्वाचन आयोगको सहयोग मागेका थिए ।

यसअघि नै मन्त्रालयले राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेका शिक्षक/कर्मचारीलाई कारबाई गर्न जिल्लास्थित सबै शिक्षा विकास तथा समन्वय एकाइलाई पत्र पठाइसकेको जानकारी दिएको छ । कतिपय जिल्ला एकाइहरूले पत्राचार अनुसार कारबाई पनि अघि बढाइसकेको बताइएको छ ।

प्रचलित कानून र अदालतको आदेशसमेतका आधारमा दलको कार्यकारिणी समितिमा रहेका शिक्षकलाई पदबाट हटाइ सोको जानकारी मन्त्रालयमा गराउने र यस्तै प्रकृतिका थप उजूरी निवेदनको सम्बन्धमा समेत निरन्तर कारबाई गर्न मन्त्रिस्तरीय निर्णयसमेत भइसकेको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – रोगभय | कर्कट – कार्यनाश |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनखति | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**वीरगंज महानगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिङटा लाग्ने ।
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- लूको बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय


## दक्षिण कोरियाद्वारा पहिलो पृथ्वी नानो सेटेलाइट प्रक्षेपण

सोल, १३ वैशाख/क्युएनए

सन् २०२७ सम्ममा उपग्रह समूह बनाउने योजनाको हिस्साका रूपमा दक्षिण कोरियाको स्थानीयरूपमा विकसित पृथ्वी अवलोकन नानो सेटेलाइट (सानो उपग्रह)लाई न्युजिल्यान्डको एक अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएपछि कक्षमा स्थापित गरिएको छ ।

विज्ञान तथा सूचना प्रविधि मन्त्रालयका अनुसार बुधवार नियोनस्याट-१ नामको उपग्रहलाई सफलतापूर्वक प्रक्षेपण यानबाट अलग गरिएको छ । रकेट ल्याब्स इलेक्ट्रोन रेकटमा दक्षिण कोरियाली समय अनुसार बुधवार माहिया स्पेसपोर्टबाट उपग्रह प्रक्षेपण गरिएको थियो ।

नियोनस्याट-१ ११ वटा नानो उपग्रहमध्येको एक हो । यसलाई दक्षिण कोरियाले उपग्रह समूह बनाउनका लागि प्रयोग गर्ने योजना बनाइरहेको छ । यसले कोरियाली प्रायद्वीप र त्यस वरपरका क्षेत्रहरूको निगरानी गर्नेछ र तस्बिर लिएर सरकारलाई राष्ट्रिय सुरक्षामा आउने कुनै पनि धम्की, प्राकृतिक विपत्ति वा कुनै पनि खतराको तुरुन्त प्रतिक्रिया दिन सहयोग गर्नेछ ।

दक्षिण कोरियोले सन् २०२६ जूनमा थप पाँच नानो सेटेलाइट प्रक्षेपण गर्ने र सन् २०२७ सेप्टेम्बरमा स्वदेशी नुरी अन्तरिक्ष रेकटमा अन्य पाँचवटा नानो सेटेलाइट प्रक्षेपण गर्ने योजना बनाएको छ । रासस


**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।**

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## यस वर्ष 'लू'बाट थाइल्यान्डमा ३० जनाको मृत्यु

बैंकक, १३ वैशाख/एएफपी

यस वर्ष 'लू'बाट कम्तीमा ३० जनाको मृत्यु भएपछि थाइल्यान्डले बिहीवार तातो मौसमको चेतावनी जारी गरेको छ । तापक्रम ५२ डिग्री सेल्सियसभन्दा माथि जाने अपेक्षा गरिएपछि थाई राजधानी बैंककमा अधिकारीहरूले अत्यधिक गर्मीको चेतावनी दिएका हुन् ।

बैंकक्को कङ्क्रिटले फैलिएको क्षेत्रमा तापक्रम बुधवार ४० दशमलव एक डिग्री सेल्सियससम्म पुगेको थियो । बिहीवार पनि यस्तै स्तरको पूर्वानुमान लगाइएको थियो । यस साता दक्षिण र दक्षिणपूर्वी एशियाका केही भागमा असाधारण तातो मौसमको लहर चलिरहेको छ । यसका कारण फिलिपिन्सभरि विद्यालय बन्द गर्नुपऱ्यो भने बङ्गलादेशमा उपासकहरूले वर्षाका लागि प्रार्थना गर्नुपरेको छ ।

तापक्रम सूचक (आर्द्रता, हावाको गति र अन्य कारकहरूलाई ध्यानमा राख्दै महसूस गरिने तापक्रमको मापन) बैंककमा 'अत्यन्त खतरनाक' स्तरमा रहेको शहरको पर्यावरण विभागले चेतावनी दिएको छ । मुलुकको ग्रामीण उत्तरपूर्वमा रहेको उडोन थानी प्रान्तका अधिकारीहरूले पनि बिहीवार तीव्र तापक्रमको चेतावनी दिएका छन् ।

स्वास्थ्य मन्त्रालयले बुधवार राति जनवरी १ देखि अप्रिल १७ को बीच लूबाट ३० जनाको मृत्यु भएको जानकारी दिएको छ । लूबाट सन् २०२३ मा ३७ जनाको मृत्यु भएको थियो ।

अधिकारीहरूले वृद्धवृद्धा र मोटोपनलगायत अन्तर्निहित अवस्था भएका मानिसहरूलाई घरभित्रै रहन र नियमितरूपमा पानी पिउन आग्रह गरिरहेको थाइल्यान्डका रोग नियन्त्रण विभागका उपमहानिर्देशक डायरेक खाम्पेनले बताए ।

थाइल्यान्ड र दक्षिणपूर्वी एशियाका मुलुकहरूमा अप्रिल सामान्यतया वर्षको सबैभन्दा तातो समय हो तर यस वर्ष अल निनो मौसमी ढाँचाले गर्मीलाई अझ बढाएको छ । गत वर्ष विश्वभर गर्मीको तनाव रेकर्ड स्तरमा देखिएको थियो । संयुक्त राष्ट्रसङ्घको मौसम तथा जलवायु एजेन्सीले एशिया विशेषरूपमा द्रुत गतिमा तातो भइरहेको बताएको थियो ।

यस साता थाइल्यान्डमा भीषण गर्मी अनुभव गरिएको छ । सोमवार उत्तरी प्रान्त लाम्पाङमा ४४ दशमलव दुई डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ । यो गत वर्षको ४४ दशमलव छ डिग्री सेल्सियसको सर्वकालीन राष्ट्रिय रेकर्डभन्दा केही कम हो । रासस


**टेम्पो सवारीसाधन भाडामा लिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सिलबन्दी दरभाउपत्र नं. NDCL/Brgunj/SQ–02/080–81
प्रथमपटक सूचना प्रकाशन मिति २०८१-०१-१४

१. नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज अन्तर्गतका कार्यालयहरूलाई आवश्यक सवारीसाधन टेम्पो भाडामा लिनको लागि यो सिलबन्दी दरभाउपत्र आह्वान गर्छ ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्रसम्बन्धी फाराम खरीद गर्नको लागि दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघर, पर्सा, नेपालमा सम्पर्क गर्न सकिनेछ । टेलिफोन नं ९७७-०५१-५२७५६० फ्याक्स ९७७-०५१-५२००००।
३. योग्य दरभाउपत्रदाताले मिति २०८१/०१/२८ दिनको ३ बजेभित्रमा नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघरको काउन्टरमा रु ३,०००।०० (तीन हजार मात्र) (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघर, पर्सामा पेश गरी सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरीद गर्न सक्नेछ ।
४. सिलबन्दी दरभाउपत्र मिति २०८१/०१/२८ गतेको १७:०० बजेभित्र नेपाल टेलिकम, वीरगंज, घण्टाघर, पर्सामा दर्ता गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका सिलबन्दी दरभाउपत्र दूरसञ्चार कार्यालय अस्वीकृत गरिनेछ ।
५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू मिति २०८१/०१/३० गते दिनको ११:०० बजे उपस्थित हुन चाहने दरभाउपत्रदाताका प्रतिनिधिहरूको रोहबरमा नेपाल टेलिकम, दूरसञ्चार कार्यालय वीरगंज, घण्टाघर, पर्सामा खोलिनेछ ।
६. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुनेगरी कम्तीमा ४५ दिन हुनुपर्नेछ ।
७. सिलबन्दी दरभाउपत्र प्रस्तावको साथमा रु २५,०००।०० (अक्षरेपि नेरु पच्चीस हजार मात्र)को दरभाउपत्र जमानत अनिवार्यरूपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि ९० दिनको हुनुपर्नेछ ।
८. सिलबन्दी दरभाउपत्रदाताले जमानतबापत नगदै राख्न चाहेमा श्री नबिल बैंक लिमिटेड, वीरगंज, आदर्शनगर, पर्सामा रहेको खाता नं ०५०१०११००३१०३ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।
९. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साबिककै मितिदेखि गणना गरिनेछ ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले ट्राफिक नियम उल्लङ्घन गरेर सवारी चलाउनेहरूलाई सचेत गराएको छ। अहिले बिहेबारीको बेलामा सवारी क्षमताभन्दा बढी मानिसहरू राखेर मोटरसाइकल चलाउने प्रवृत्ति बढेको छ। एउटा मोटरसाइकलमा चार–पाँचजनासम्म राखेर चलाउने गरेको, हेलमेट नलगाउनेजस्ता ट्राफिक नियमविपरीत कार्य गर्दा सडक दुर्घटना बढेको भन्दै ट्राफिक नियम पालना गरेर सवारी सञ्चालन गर्न चालकहरूलाई सचेत गराएको थियो। यसैक्रममा तस्वीरको दृश्य वीरगंज–१३ पावरहाउसचोकदेखि सुक्खा बन्दरगाह क्षेत्रसम्मको हो। वैशाख १२ र १३ गते गरिएको अनुगमनमा यस्ता दृश्यहरू देखिएका थिए। तस्वीरः नितेश कर्ण

# राहतको प्रतीक्षामा महोत्तरीका अग्निपीडित

महोत्तरी, १३ वैशाख/रासस

मटिहानी–६ को मुस्लिम बस्तीका १५० अग्निपीडित परिवार राहतको प्रतीक्षामा छन्। समयमा सहयोग नहुँदा उनीहरू बिचल्लीमा परेका छन्।

बुधवारको आगलागीमा एक सय घर जलेपछि उनीहरूको बिल्लबाठ भएको हो। बस्तीकी मैमुन खातुनको घरबाट सल्केको आगोबाट झुरमुट्ट बस्तीका एक सय घर खरानी भएका हुन्। अग्निपीडित परिवारले राहत प्राप्त नभएको गुनासो गरेका छन् भने जिल्ला प्रशासन कार्यालयले त्यस निम्ति प्रयास भइरहेको जनाएको छ। जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सहयोगका निम्ति अपील गरेका छन्।

मटिहानी नगरपालिकाको आकस्मिक कार्यपालिका बैठकले तत्काल प्रभावित परिवारलाई तयारी खाना, खाद्यान्न र त्रिपाल उपलब्ध गराउने निर्णय गरेको छ। अहिले नगरप्रमुखसहितका जनप्रतिनिधि र कार्यालयका कर्मचारी राहत सामग्री वितरणमा लागेका छन्। नेपाल रेडक्रस सोसाइटी महोत्तरी शाखाले प्रभावित परिवारलाई भाँडाबर्तन प्रदान गरेको बताएको छ। महोत्तरी रेडक्रस शाखाका सभापति दीपक मिश्रले आफूहरू सहयोगका निम्ति जुटेको बताएका छन्।


## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |

### नेपाल-चीन ...

चार पाङ्ग्रे, विद्युतीय सवारीसाधन र सौन्दर्य प्रशोधनका अतिरिक्त विभिन्न व्यापारिक कम्पनीहरूले समेत भाग लिनेछन्।

यसैगरी, नेपालको तर्फबाट १५ प्रदर्शनी कक्ष रहनेछन्। नेपाली कक्षमा जडीबुटी, कफी, चिया, हस्तकला/काष्ठकला, धातुकला, कार्पेट, पश्मिनालगायत विभिन्न कम्पनीका उत्पादनहरू प्रदर्शित गरिनेछन्। मेलाको अवसरमा दुई पक्षबीच विभिन्न व्यावसायिक बैठकसमेत आयोजना हुनेछन्। मेला बिहान १० देखि बेलुका ६ बजेसम्म खुल्ला रहनेछ। मेलामा प्रवेश निश्शुल्क गरिएको छ।

### उपभोक्ता ...

बेलामा जथाभावी मूल्य निर्धारण गरेर जार र बोतलको पानी बिक्री गर्दै आएकोमा सोको मूल्य निर्धारण गरेर उपभोक्तालाई राहत दिन प्रजिअलाई ध्यानाकर्षण गराएका थिए। अध्यक्ष श्रेष्ठले मूल्य निर्धारण गर्ने अधिकार प्रजिअलाई भएको र सो अधिकार प्रयोग गरेर पानीको अभाव भएको बेलामा उपभोक्ताहरूलाई राहत दिन आग्रह गरे। अध्यक्ष श्रेष्ठले वीरगंजमा रहेका विभिन्न पानी उद्योगहरूले जार र बोतलको पानीको अनधिकृतरूपमा जथाभावी मूल्य लिइरहेको भनी गुनासो गरेका थिए।

कार्यक्रममा मञ्चका केन्द्रीय अध्यक्ष अजय अधिकारी, केन्द्रीय सदस्य धीरज शर्मा र विशाल झालगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## राष्ट्रिय महिला भलिबल : एपिएफ क्लब विजयी

काठमाडौं, १३ वैशाख/रासस

विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले राष्ट्रिय महिला भलिबल प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ।




त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा बिहीवार भएको खेलमा एपिएफ क्लबले अर्को विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ३–२ सेटले पराजित गरेको हो। यसअघि एपिएफ क्लबले पहिलो खेलमा विभागीय टोली नेपाल प्रहरीको पुलिस क्लबलाई ३–१ सेटमा पराजित गरेको थियो।

आजको खेलमा एपिएफले सुरुआती दुई सेट २५–२३ र २५–२३ अङ्कले आफ्नो पक्षमा पाऱ्यो। त्यसपछिका दुई सेट आर्मीले २५–१३ र २५–१४ अङ्कले जित्यो। खेलको अन्तिम निर्णायक सेट एपिएफ क्लबले १५–९ अङ्कले जित्यो। जीतसँगै एपिएफ क्लबले पाँच अङ्क जोडेएको छ।

प्रतियोगिताको विजेताले रु चार लाख ९९ हजार, दोस्रो हुने टोलीले रु दुई लाख ५० हजार, तेस्रो हुनेले रु एक लाख २५ हजार र चौथो हुने टोलीले रु ६२ हजार पुरस्कार प्राप्त गर्नेछन्।

## भलिबल टोली बङ्गलादेश प्रस्थान

भक्तपुर, १३ वैशाख/रासस

बङ्गलादेशको राजधानी ढाकामा हुने भलिबल प्रतियोगितामा सहभागी हुन ११ जना खेलाडी तथा प्रशिक्षक टोली त्यसतर्फ प्रस्थान गरेका छन्।

ढाकामा यही वैशाख १४ गतेदेखि हुन गइरहेको आमन्त्रित अन्तर्राष्ट्रिय भलिबल यू–१९ प्रतियोगितामा सहभागी हुने खेलाडी तथा अफिसरको आज भक्तपुरमा आयोजित कार्यक्रममा बिदाइ गरिएको थियो।

खेलाडी सुरेश मल्ल, यज्ञराज जोशी, अभिषेक थापा, पुष्कल थापा, दिपेन थापा, पहल गहतराज, राजकुमार रोकाया, सुनील बोहोरा, इज्जत दनै, शशि पुलामीमगर र भुवन तामाङ बङ्गलादेश प्रस्थान गरेका टीम म्यानेजरसमेत रहेका दीपक थापाले बताए। प्रतियोगितामा भाग लिन आजै टीम म्यानेजर थापासहित प्रशिक्षक उत्सव खड्का र सहायक प्रशिक्षक जनकबहादुर खड्का ढाका प्रस्थान गरेका छन्।

जिल्ला खेलकूद विकास समिति भक्तपुरका निवर्तमान अध्यक्ष एवं टीम म्यानेजर दीपक थापाको नेतृत्वको टोलीले सहयोग रकम सङ्कलन गरी त्यसतर्फ लागेको हो। सरकारी निकायबाट सहयोग नभएपछि सहायता फाउन्डेशनका अध्यक्ष राजु ढुङ्गेल, व्यवसायी लक्ष्मण अवाले र थापा आफैंले रकम जुटाएको सो अवसरमा जानकारी दिइयो।

## प्रदेशस्तरीय भलिबल: पुरुषतर्फको नवलपुर र महिलातर्फ पर्वतलाई उपाधि

गोरखा, १३ वैशाख/रासस

गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगिताको उपाधि पुरुषतर्फ नवलपुर जिल्ला र महिलातर्फ पर्वत जिल्लाले जितेको छ। गोरखाको बारपाकमा बुधवार सम्पन्न भएको फाइनल खेलमा पुरुषतर्फ स्याङ्जालाई हराउँदै नवलपुरले उपाधि जितेको हो।

खेलमा नवलपुरले स्याङ्जालाई ५–३ को सेटमा पराजित गरेको हो। प्रतियोगितामा म्याग्दी जिल्ला तेस्रो भएको जिल्ला खेलकूद विकास समिति गोरखाका अध्यक्ष कृष्णसिंह बस्नेत (शान्ता)ले जानकारी दिए।

त्यस्तै, महिलातर्फको फाइनल खेलमा म्याग्दी जिल्लालाई पराजित गर्दै पर्वत जिल्लाले उपाधि जितेको उनले बताए। खेलमा पर्वतले म्याग्दीलाई ३–० सोझो सेटमा पराजित गरेको हो।

प्रतियोगितामा महिलातर्फ स्याङ्जा तेस्रो भएको छ। खेलमा सहभागीमध्ये पुरुषतर्फ नवलपुरका हिमाल सुनारी सर्वोत्कृट खेलाडी घोषित भएको अध्यक्ष बस्नेतले जानकारी दिए।

त्यस्तै, स्याङ्जाका सञ्जुविक्रम शाह उत्कृष्ट स्पाइकर, नवलपुरका दानबहादुर गाहा उत्कृष्ट सेटर, म्याग्दीका देवेन्द्र बुढा उत्कृष्ट सर्भर, नवलपुरका सरोज बर्देवा उत्कृष्ट ब्लकर, स्याङ्जाका राजन दर्लामी उत्कृष्ट डिफेन्डर घोषित भएका छन्।

महिलातर्फ पर्वतकी रीमा कुँवर सर्वोत्कृष्ट खेलाडी, म्याग्दीकी रिञ्जना बोटे उत्कृष्ट स्पाइकर, पर्वतकी बिना फगामी उत्कृष्ट सेटर, स्याङ्जाकी सोइङ थापा उत्कृष्ट सर्भर, म्याग्दीकी मनीषा तिलिजा उत्कृष्ट ब्लकर र स्याङ्जाकी जायरा निशा उत्कृष्ट डिफेन्डर घोषित भएका अध्यक्ष बस्नेतले जानकारी दिए।

प्रतियोगितामा गण्डकी प्रदेशका ११ जिल्लामध्ये महिलातर्फ १० जिल्ला र पुरुषतर्फ १० जिल्लाका गरी २० टीमको सहभागिता थियो। प्रतियोगितामा विजयी तथा उत्कृष्ट खेलाडीलाई बुधवार नै नगद पुरस्कारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ। प्रतियोगिता वैशाख १० देखि १२ गतेसम्म सञ्चालन भएको हो।

## राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता

गण्डकी, १३ वैशाख/रासस

पोखरा महानगरपालिका–२९ स्थित लेक सिटी ब्याडमिन्टन क्लबको आयोजनामा यही वैशाख १४ र १५ गते चौथो राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ।

पोखरा महानगरपालिका–२९ को संरक्षकत्व एवं मुख्य प्रायोजन रहेको प्रतियोगिता पोखरा महानगरपालिका–३० स्थित भूगोल पार्कको ब्याडमिन्टन हलमा सञ्चालन हुने बुधवार आयोजित पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष शरणकुमार प्रधानले जानकारी दिए।

प्रतियोगिता अन्तर्गत 'ए' लेबल मेन्स डबल, 'सी' लेबल मेन्स डबल, ५५ वर्षभन्दामाथिको मेन्स डबल्स र वुमेन्स डबल्समा १२६ टोलीको सहभागिता रहने उनले बताए। 'ए' लेबल मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु ४१ हजार, २२ हजार र ११ हजार नगदसहित पदक तथा प्रमाणपत्र प्रदान गरिनेछ। 'सी' लेबल मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय हुनेलाई रु ३५ हजार, १८ हजार र छ हजार नगदसहित पदक तथा प्रमाणपत्र प्रदान गरिनेछ। ५५ वर्षमाथिको मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु ३० हजार, १६ हजार र छ हजार नगदसहित पदक तथा प्रमाणपत्र प्रदान गरिनेछ।

# विश्व औलो दिवसमा प्रभातफेरी

प्रस, वीरगंज, १३ वैशाख/

विश्व औलो दिवस–२०८१ वीरगंजमा मनाइएको छ।

वीरगंज महानगरपालिका स्वास्थ्य महाशाखाको आयोजना तथा जिल्ला स्वास्थ्य कार्यालय, पर्साको सहकार्यमा घण्टाघरबाट प्रभातफेरी निकालेर नगरपरिक्रमा गरिएको थियो।

प्रभातफेरी घण्टाघरमा पुगेर कोणसभा गरी समापन भएको थियो। कोणसभामा वीरगंज महानगर स्वास्थ्य महाशाखा प्रमुख अनिल यादवले औलो (मलेरिया) रोगका लक्षण र बच्ने उपायका बारेमा जानकारी गराएका थिए।



तस्वीरः प्रतीक

वीरगंज महानगर स्वास्थ्य महाशाखा अधिकृत सुमनचन्द्र ठाकुरले चालू आवमा वीरगंजमा रहेका अस्पतालहरूको तथ्याङ्कबाट सातजना औलोरोगी फेला परेको बताए।

कार्यक्रममा विजामका नीरज साह र नर्सिङ क्याम्पसका विद्यार्थीहरूले पनि औलो रोगबारेमा प्रकाश पारेका थिए।

कार्यक्रमस्थलमा औलो रोगबारे पर्चा वितरण, ब्यानर र प्लेकार्ड प्रदर्शन गरिएको स्वास्थ्य महाशाखाका अधिकृत ठाकुरले बताए।